## बारागढि गाउँपालिका बाराको

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण रणनितिक कार्ययोजना २०७९

गाउँ बारागढी गाउँपालिका कार्यपालिकाको कार्यालय
खोवपा, बारा
मधेश प्रदेश, नेपाल
२०७३

मधेश प्रदेश, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र मुजेलिया, जनकपुरधाम, धनुषा

Contents


१ पृष्ठभूमि ..... 3

१.२ गाउँपालिको परिचय ..... 6

१.३ रणनीतिको योजनाको आवश्यकता किन ? ..... 6

२.अवस्था विश्लेषण ..... 7

२.१ **SWOT** विश्लेषण ..... 7

२.२ सरोकारवालको पहिचान ..... 12

२.३ लक्षित समुहको पहिचान ..... 13

३. दिर्घकालिन सोच (Vision) ..... 13

४. ध्येय ( Mission) ..... 13

५. लक्ष्य ( Goal) ..... 14

६. उद्देश्य (Object) ..... 14

७. रणीतिहरु (Strategies) ..... 14

८.रणीतिक क्रियाकलापहरु (Strategies activities ..... 16

९.वित्त व्यवस्थापन ..... 24

१०. कानुनी व्यवस्था ..... 24

११. रणीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ..... 25

१२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धि व्यवस्था ..... 26

१३.जोखिम ..... 27

१३.१ संभाव्य जोखिम ..... 27

१३.२ जोखिम न्यूनिकरणको लागि ध्यान दिनुपर्ने कुराहरु ..... 27

निश्कर्ष ..... 28

## १ पृष्ठभूमि

मधेश आन्दोलन तथा २०६२/६३ को जनआन्दोलन नेपालको शासकिय व्यवस्था परिवर्तन गर्‍यो । व्यवस्था परिवर्तन पश्यात विभिन्न उतावचडावको विचमा नेपालको नयाँ सविधानको निर्माण भयो । संविधान भनेको देशको मूल कानून हो । नेपालको संविधान २०७२ लाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ । नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ । यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ । त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, ज़ात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । त्यस्तै गरि सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ । यसर्थ उल्लिखित आधारमा के भन्न सकिन्छ भने नेपालको संविधानले राज्यका सबै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ ।

अशोक कुमार जयसवाल
गा.पा. अध्यक्ष

आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकारका सबै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट उल्लेख गरेको छ ।

नेपालको संविधानले महिला अधिकारसम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आफ्नो अधिकारको उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिबद्धताहरूलाई समावेश गरेको छ ।

स्थानीय सरकार सन्चालन ऐनमा पनि लैङ्गित तथा सामाजिक समावेशिकरणलाइ जोड दिएको छ । स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउंपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यकम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धि स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ । त्यस्तै उक्त ऐनकोदफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ । नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गित तथा सामाजिक समावेशिकरण नितिहरुलाइ कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५" (मस्यौदा), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको"स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६", महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको"राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४" (मस्यौदा),



अशोक ... गा.पा. अध्यक्ष

प्रमोद चौधरी

ाहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" आदि जस्ता लैससास नीति तथा मार्गदर्शन तयार ारिएको छ ।

ारागढी गाउपालिकामा लैंगिंक तथा समाजिक समावेशिकरण सम्बिन्धत सवाल र समस्याहरु जटिल रहेको छ । महिला हिंसा, दहेज प्रथा, ालविवाह जस्ता समस्याहरु एकातिर छन् भने अधिकाश परिवार गरिबीको रेखामूनि रहेको हुदा जिविकोपार्जनको समयस्याले आर्थिक शसक्तिकरणको पाटो अफ्रेलमा परेको छ । पालिकामा न्यून आयस्रोत भएका दलित परिवारहरुको अवस्था झनै दयनिय रहेको छ । पालिकामा ैससास सम्बन्धि क्षमताको अभावले गर्दा योजना तर्जुमामा समेत यस्ता विषयहरु ओझेलमा परेका छन् ( रणीति योजना तर्जुमा गोष्ठि, २०७९)

ारागढि गाउपालिकाले पनि आप्नो नीति, कार्यक्रम तथा बजेटमा यस विषयलाइ महत्वको साथ लिएको देखिन्छ । जसमा निम्न नितिहरु उल्लेख ारेको छ ।

- लैङ्गिक समानता महिला सशक्तिकरण लैङ्गिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संचालित आयोजना तथा कार्यक्रममा कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा १० प्रतिशत अपांग वा अल्पसंख्यक वा दलित समुदायको सहभागिता सुनिश्चित गरिनेछ । लघु उद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालनका क्रममा पछाडी परको वर्गलाई सहभागितामा विशेष प्राथमिकता दिइनेछ ।
- असल सामाजिक मूल्य मान्यताको संरक्षण एवम् सम्वर्धन गरिनेछ । बाल विवाह गर्ने तथा गराउने दुवैलाइ कानुनको कठघरामा उभ्याईनेछ ।
- लक्षित वर्ग एवम् समुदाय केन्द्रित व्यवसायिक सीपमूलक तालिम सञ्चालन गरि त्यस्ता वर्गको सशक्तिकरण गर्ने निति अवलम्वन गरिनेछ । प्रत्येक वडामा अनिवार्य रुपमा स्थापना हुने टोल विकास संस्थाहरुमा लक्षित वर्गहरुको सहभागिता सुनिश्चत गरिनेछ ।
- समाजमा कुसंस्कारको रुपमा रहेको बाल विवाह र दाइजो प्रथालाइ न्यूनिकरण गर्न टोल वडा एवम् गाउँपालिका स्तमा चेतनामुलक कार्यक्रम गर्नका साथै कानुनी कार्वाहीलाइ कडाईका साथ लागु गरिनेछ
- शिक्षाबाट विमुख बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने कार्यक्रमतय गरि विद्यालय उमेरका सम्पूर्ण बालबालिका शिक्षाको मुलधारमा ल्याइनेछ ।
- विद्यालय, वडा र गाउँपालिकामा बालक्लब एवम् संजाल गठन गरी क्रियाशिल गरिनेछ ।
- पारिवारिक संस्कार एवम पोषणको अवस्था सुधार गर्न टोल र वडा स्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिला शसक्तिकरणको लागि प्रत्येक टोल, वडामा महिला समुह एवं समिति गठन गरी गाउँपालिकामा सुचीकृत गरिनेछ। यस्ता समुहलाई अनुशिक्षण तालिम दिइनेछ।
- प्रत्येक वडामा रहेका महिला समितिलाइ आयआर्जन सम्बन्धि तालिम दिई आयआर्जनमूलक व्यवसायमा आवद्धता गरिनेछ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा न्यूनिकरण गर्न कानुनी एवं चेतनामूलक कार्यक्रममा जोड गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

( नीति, कार्यक्रम तथा बजेट पुस्तिका, २०७८/७९)

## १.२ गाउँपालिको परिचय

बारा जिल्लामा अवस्थित बारागढी गाउँपालिका मधेश प्रदेश अन्तरगतको मिश्रित विशेषता बोकेको गाउँपालिका हो। साविक सुखी पथरा, भवानीपुर, पिपरा वस्तपुर, खोपवा, विशुनपुर्वा, गढहलका सबै वडाहरु तथा शिहासीका ३, ४, ५, ६, ७, ८, ९ वडाहरु मिलेर बनेको यो गाउँपालिका ३९.२९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। जिल्ला सदरमुकाम देखि १४ कि.मी. पूर्वमा यो पालिका रहेको छ। ६ वटा वडाहरुमा विभाजित यस गाउँपालिकाको पूर्वमा रौतहट जिल्ला, पश्चिममा करैयामाई गाउँपालिका र महागढीमाई नगरपालिका, दक्षिणमा पचरौता नगरपालिका, आदर्श कोतवाल गाउँपालिका र उत्तरमा कोल्हवी नगरपालिकासँग सिमाना जोडिएको छ। पालिकाको कुल जनसंख्या २३९७१ मध्ये महिला १०६६२ र पुरुषको १३२८७ रहेको छ। त्यस्तै गरि भाषिक रुपमा हेर्दा भोजपुरी २३६२९, मैथली १९, हिन्दी ३५, नेपाली १५ र बाकि अन्य रहेका छन्। जातिय रुपमा हेर्दा १३६५६ तराइ आदिवासी जनजाति, ५६ पहाडी दलित, ६६०४ तराइ दलित, ४८१ मुस्लिम, पहाडि अन्य ३२, तराइ अन्य २९६१, पहाडि आदिवासी ४१, तराइ ब्रामण ३८, पहाडि ब्रामण १६ र बाकि अन्यको जनसंख्या रहेको छ। यस पालिकामा अपंगता भएको जनसंख्या ४७६ रहेको छ।, यौनिक अल्पसंख्यको जनसंख्या २१ रहेको छ।

## १.३ रणनीतिको योजनाको आवश्यकता किन ?

नेपालको संविधानको प्रस्तावनमानै लैङ्गिक विभेद, सबै प्रकारमा जातिय छुवाछुतको अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। त्यस्तै गरि महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले व्यवस्था गरेको लैङ्गिक समता तथा सामाजिक समावेशिकरणका विषयहरुलाई कार्यान्वयन गर्नको लागि रणनीतिको योजना आवश्यक भएको छ।

अशोक ... गा.पा. अध्यक्ष

आमोद चौधरी ... अधिकृत


- लैससको कार्यान्वयन तहमा आएका चुनौतिहरु समाना गर्नको लागि यो रणनीति को आवश्यक रहेको छ ।
- स्थानीय आवश्यकता अनुसार लैससासको सवाल, समस्या पहिचान गरि सोहि अनुरुप निराकरण गर्नको लागि
- केन्द्रिय सरकारबाट जारी भएका लैससास सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याँकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा लैससास सवोधन गर्ने गरी लैससास अवधारणासँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले
- विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले
- राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरू लागु भएता पनि प्रतिफल हासिल गर्नेतर्फ पूर्ण प्रतिबद्धताको कमी भएकाले
- महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकाले
- गाउँपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले
- गाउँपालिकाभित्र कार्यरत सरकारी, बिभिन्न संजालहरू, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यकम र बजेटलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

## २.अवस्था विश्लेषण

पालिकाको समग्र रुपमा लैससको अवस्था कस्तो छ भन्ने थाहा पाउनको लागि तिन तहमा रहेर अवस्थाको विश्लेषण गरिएको थियो । पहिलो तहमा SWOT गरिएको थियो । जसमा योजना, कार्यक्रमको कार्यान्वयन योजनामा सहभागिता, लाभमा न्यायोचित वितरण जस्तो विषयहरु समावेश गरिएको थियो । दोस्रो तहमा लैससास सम्बन्धि काम गर्ने सरोकारवाला निकायहरुको विश्लेषण गरिएको थियो भने तेस्रो तहमा पालिकामा रहेका लक्षित वर्गहरुको पहिचान गरिएको थियो ।

### २.१ SWOT विश्लेपण

SWOT विश्लेषण गर्दा मुख्य पाँच क्षेत्रलाइ आधारमा मानिएको थियो । जुन निम्न प्रकारको रहेको छ ।




यि पाँच क्षेत्रलाइ आधार मानि २२ वटा उपशिर्षकमा रहेर SWOT को विश्लेषण गरिएको थियो । २२  वटा उपशिर्षक निम्न अनुसार रहेका छन् ।

- नीति कानुनमा समावेशिता/सहभागिता
- योजना तर्जुमा तथा कार्यान्वन
- बजेट तर्जुमा तथा कार्यान्वयन
- कर्मचारी, पदाधिकारीहरुको प्रतिनिधित्व
- कार्यप्रणाली समावेशिता
- समिति, उप समिति र कार्यदलमा प्रतिनिधित्व
- वित्त व्यवस्थापन प्रणालीमा समावेशिता

अशोक ... गा.पा. अध्यक्ष

आमोद चौधरी ... प्रशासकीय अधिकृत

- तथ्यांक संकलन तथा व्यवस्थापन
- मानव संसाधन तथा क्षमता विकास
- अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरुद्ध जनचेतना
- कानुनी साक्षरता
- विपद व्यवस्थापनमा समावेशिता
- पूर्वाधार विकास
- प्रजनन् स्वास्थ्य
- शिक्षा कार्यक्रम
- खानेपानी र सरसफाई
- स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन
- शुशासन
- उतरदायित्व र जवाफदेहिता
- सुचना तथा संचार
- अनुगमन तथा मूल्यांकन
- समन्वय र सम्बन्ध विस्तार

यसको आधारमा पालिकाको अवस्था विश्लेषण गरिएको थियो

**पालिकाको सवलपक्षहरु**

- प्रत्येक वर्ष पालिकाले दलित, आर्थिक रुपमा विपन्न परिका बालबालिकालाइ निशुल्क भर्ना अभियान सञ्चालन गर्दै आएको छ ।
- विद्यालयमा जाने बालबालिकाको लागि दि्वा खाजा तथा विपन्न वर्गका बालबालिकाको लागि विद्यालय पोशाक वितरण गर्ने गरेको छ ।
- महिला स्वयंसेविका मार्फत बालबालिकालाइ खोप, गर्भवति महिलाहरुलाइ आवश्यक परामर्श दिने गरेको छ ।
- समय समयमा पालिकाले प्रजनन् स्वास्थ्य सम्बन्धित अन्तरकिया कार्यक्रम सञ्चालन गरेको छ

- विपन्न तथा लक्षित वर्गलाइ समय समयमा आर्थिक सहयोग प्रदान गर्ने गरेको छ ।
- पालिकाबाट उपभोक्ता समिति गठन गर्दा महिला तथा लक्षित वर्गको सहभागिता गराउने विषयमा ध्यान दिइ सो अनुरुप गर्ने गरिएको छ ।
- विपन्न तथा लक्षित वर्गको लागि आयमूलक कार्यक्रम अन्तर्गत सिलाइ कटाइ, उद्योम विकास तालिम सञ्चालन गाउँपालिकाबाट समय समयमा सञ्चालन गरिएको छ ।
- पालिकाबाट प्रौढ शिक्षा कार्यक्रमलाइ पनि निरन्तरता दिइएको छ ।
- पालिकाबाट बालविवाह, बहुविवाह रोकथाम सम्बन्धि तालिम लक्षित वर्गहरुको माझ सञ्चालन गरिएको छ ।
- बालअधिकार सम्बन्धि तालिम समय समयमा सञ्चालन गरिएको छ
- प्रकृति प्रकोपबाट प्रभावित लक्षित समुदायलाइ पालिकाले् रकम विनियोजन गर्ने गरेको छ
- बजेट विनियोजना गर्दा लक्षित वर्गलाइ कपडा वितरण, खाना पकाउने ग्यासँ वितरण गर्ने गरिएको छ ।
- जेष्ठ नागरिकलाइ सम्मान कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

पालिकाको लैससासको आधारमा सुधार गनुपर्ने पक्ष

- पालिकाको कार्यविधिहरु लैससास अनुसार तयार गर्ने नसकेको अवस्था रहेको छ ।
- महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिसा र विभेद उपर सुनाई गर्ने सयन्त्रको स्थापना भएको छैन ।
- आवधिक योजान तथा वार्षिक विकास कार्यक्रमा लैंगिक तथा सामाजिक समावेशिकरणको निति भएता पनि सो अनुसार बजेट विनियोजन भएको देखिदैन ।
- कुल पुजीगत खर्चको निश्चित प्रतिशत लैससासमा खर्च गर्ने व्यवस्था लागु गर्ने सकिएको छैन ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता वृद्धि कार्यक्रममा लैससास अनुसार प्राथामिकतामा राखिएको देखिदैन ।
- लैससास अनुसार अचारसहिंता बनाइ लागु भएको अवस्था छैन ।
- लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण भएको छैन ।
- लक्षित वर्गको खण्डिकृत सूचना सकलनको मार्फत पहिचान हुन सकिराखेको छैन ।
- लक्षित समुदाय, पदाधिकारी र कर्मचारीलाइ लैंगिक हिंसा निर्वारण सम्बन्धि तालिम सञ्चालन गरिएको छैन ।
- तालिम कार्यक्रको नगन्य बजेट विनियोजन हुने गरेको छ ।

अशोक कुमार जयसवाल
गा.पा. अध्यक्ष

आमोद चौधरी
प्रमुख प्रशासकिय अधिकृत

- स्थानीयतहमा मानव संसाधन विकास केन्द्रको व्यवस्थापन भएको छैन
- पलिकामा रहेका एस. एल. सी वा सो भन्दा माथि अध्ययान गरि सरकारी सेवामा प्रवेश गर्न चाहिने युवा युवतिलाइ लक्षित गरि लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन भएको छैन ।
- पदाधिकारी र कर्मचारीलाइ वेइजिङ्ग घोषणपत्र समेटेर अभिमुखिकरण गर्ने नगरिएको छैन ।
- महिला तथा समावेशि समुहबाट निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरुलाइ स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन, कर्मचारी समायोजन ऐन मूलुकी सहिताहरु, विषयगत कानुनहरुको अभिमुखीकरण गर्ने कार्यक्रम सञ्चालन गरिएको छैन ।
- कानुनको मस्यौदा तयार सम्बन्धि तालिम कार्यपालीका सदस्य, प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखलाइ प्रदान नगरिएको छैन ।
- महिलालाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको छैन ।
- लैससास अनुसार विपद व्यवस्थापन कोषको स्थापना भएको छैन ।
- भवन अचार संहिता बनाउदा लैससास मैत्री बनाउने विषयलाइ प्राथामिकतामा राखिएको देखिदैन ।
- महिलालाइ स्वास्थ्य सुधार कार्यक्रम अन्तरगत निशुल्क पाठेघरको परिक्षण, स्तन क्यान्सर परिक्षण गर्ने कार्यक्रम आयोजना गरिएको छैन ।
- किशोर किशोरीलाइ यौन शिक्षा प्रदान कुनै कार्यक्रम पालिकामा सञ्चालन गरिएको छैन ।
- छात्राहरुको लागि सेनेटरी प्याड र साबुनको व्यवस्था विद्यालयमा भएको छैन ।
- पलिकाबाट स्वरोजगार गर्ने तथा वैदेशिक रोजगारमा जाने युवाहरुलाइ केन्द्रित गरि अभिमुखीकरण कक्षा सञ्चाल गर्ने गरिएको छैन ।
- स्थानीय तहको जनप्रतिनिधिहरुको आचार सहितातय गरि कार्यान्वयन हुने नगरेको

अवसर

पालिकाको धेरै कमजोर पक्ष देखिएता पनि अवसरको कमि भने छैन । ति अवशरहरुलाइ बढी भन्दा बढी प्रयोग गर्न सकिएको कमजोर पक्षहरु क्रमिक रुपमा घट्दै जाने देखिन्छ ।

- पालिको आफ्नै बजेटबाट लैससासमा खर्च गर्ने सकिने अवशर रहेकोछ ।
- नया पदाधिकारीहरु भएको हुदा काम गर्ने प्रतिवद्धता भएको देखिन्छ ।
- सघिय सरकारबाट लैससास सम्बन्धि विभिन्न निर्देशिकाहरुतय भइसकेको हुदा त्यसको कार्यान्वयन पक्षमा जोड दिए मात्रै पुग्ने अवस्था रहेको छ ।
- मधेश प्रदेश र यस अन्तर्गत रहेका मन्त्रालयहरुबाट पनि लैससासमा आवश्यक सहयोग प्राप्त गर्न सक्ने सम्भावना रहेको छ कतिपय भइरहेका कार्यहरुलाइ दस्तावेजिकरण गरे मात्रै पनि हुने अवस्था रहेको छ ।

चुनौती

वारागढी पालिका परम्परागत सोच भएका समुदाय व्यक्तिहरु र कपिपय अवस्थामा प्रतिनिधिको कार्यपालिका तहमा समेत रहेका हुदा चुनौतीहरुलाइ नकार्न सकिदैन ।

- अधिकांश विपन्न तथा सुकुम्बासीहरुको बोसवास भएको हुदा सिमत स्रोतको वितरणमा समस्या हुने देखिन्छ ।
- परम्परागत मूल्यमान्यता र कुसंस्कारले गर्दा लैससासको कार्यक्रमहरुलाइ सफलता पूर्वक सम्पन्न गर्न चुनौति आउन सक्ने
- सरोकारवाला निकायको विच बुझाइका एकरुपता नहुदा चुनौति आउने सक्ने

## २.२ सरोकारवालको पहिचान

लैससाससँग सम्बन्धि यस पालिकामा रहेका सरोकारवाला निकायहरुलाइ तिन तहमा राखेको छ । पहिलो तहमा प्रत्यक्ष रुपमा लैससास सम्बन्धित निकायहरु रहेका छन् भने दोस्रो तहमा स्थानीय यस्तरमा कार्यरत विभिन्न संघसस्था, समुह, नेटवर्कहरु रहेका छन् भने तेस्रो तहमा प्रदेशस्तरमा कार्यरत निकायहरु रहेछ छन् । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

| प्रत्यक्ष सरोकार राख्ने निकाय | दोस्रो तहको सरोकार राख्ने निकाय/सस्था | प्रदेश तहमा सरोकार राख्ने निकायहरु |
|---|---|---|
| • महिला तथा बालबालिका शाखा<br>• योजना शाखा<br>• शिक्षा शाखा<br>• स्वास्थ्य शाखा<br>• प्रशासन शाखा<br>• सबै वडा कार्यालयहरु<br>• न्यायिक समिति<br>• गाउँसभा | • विद्यालय<br>• आमा समुह<br>• कृषि समुह<br>• विभिन्न व्यपारिक प्रतिष्ठानहरु<br>• स्थानिय स्तरमा सञ्चालित संञ्चार माध्यमहरु<br>• विभिन्न लघुवित्त सस्थाहरु<br>• महिला सेल<br>• जिल्ला प्रहरी कार्यालय | • मधेश प्रदेश अनुसंन्धान तथा प्रशिक्षण केन्द्र<br>• प्रदेश योजना आयोग<br>• प्रदेश मुख्य मन्त्रि तथा मन्त्रिपरिपदको कार्यालय मधेश प्रदेश<br>• प्रदेश मानव अधिकार आयोग<br>• प्रदेश अन्तर्गत लैससासमा काम गर्ने निकायहरु |



अशोक कुमार ... गा.पा. अध्यक्ष

...आमोद चौधरी ... प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| | • बालक्लब<br>• स्वास्थ्य चौकी | |

२.३ लक्षित समुहको पहिचान

विभिन्न जातजातिको बसोबास गर्न यस पालिकामा लैससको दृष्टिकरणले निम्न लिखित लक्षित वर्गहरु रहेका छन्

- धार्मिक रुपमा रहेका अल्पसंख्यक
- बालबालिकाहरु
- यौनिक अल्पसंख्यक
- एकल महिला
- अपांगता
- तराई दलित
- विपन्न वर्ग
- सुकुम्बासी
- घरेलु हिसा पिडित महिला

यस विश्लेषण खण्डबाट पालिकामा लैससासको दृष्टिकोणबाट सवल पक्षहरु, अवसरहरु,। कमजोरी र चुनौतीहरु के के रहेछन् भन्ने प्रष्ट भएको छ । साथै पालिकामा लैससाससँग सम्बन्धित प्रत्यक्ष सरोकारवाला निकायहरुको पनि सहभागितात्मक विधिबाट पहिचान गरियो । यस पालिकामा लक्षित वर्गहरु को को रहेछन् भन्ने पनि पहिचान भयो । यि सबैको आधारमा आफ्नो दिंघकालिन परिकल्पना तयार गरेको छ ।

## ३. दिर्घकालिन सोच (Vision)

लैङ्गिक मैत्री, समावेशि र न्यायपूर्ण समाज निर्माण

## ४. ध्येय ( Mission)

न्यायचित अवशर प्रदान गरि सबै पक्षलाइ मूल प्रवाहिकरणमा समवेश गर्नु

५. लक्ष्य ( Goal)

लैङ्गिक तथा सामाजिक समावेशिकरणलाई आन्तरिकीकरण गर्दै सस्थागत सुदृढिकरण गर्ने

६. उद्देश्य (Object)

१.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत पालिका तहको संस्थागत संरचना र कार्यक्रममा महिला, दलित, [ग]लक्षित वर्ग र सिमान्त वर्गलाइ समावेश गर्ने

२.महिला, लक्षित वर्ग र सिमानकृत समुहलाइ शशक्तिकरण गरि पालिका तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने

३ योजना तर्जुमाका सबै चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्यांकन गर्ने र यसलाइ सस्थागत गर्दै लैजाने

४.अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी उनीहरुको व्यवहारमा परिवर्तन गर्ने

५ महिला एवं लक्षित वर्गको सहभागितालाइ सुनिश्चित गरि आर्थिक रुपमा शशक्तिकरण गर्ने

६ बालबालिकाको सर्वाङ्गिण विकासको लागि बालअधिकारको सुनिश्चिता गर्ने

७. रणीतिहरु (Strategies)

माथिको उद्देश्य पुरा गर्नेको लागि विभिन्न रणनीतिहरु अपनाइनेछ । यि रणनीतिहरु विशेष गरेर पालिका तहमा रहेका लक्षित वर्गले भोगेका समस्या र सवालहरूको पहिचान गर्ने, उनीहरुलाइ शशक्तिकरण गर्ने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, पालिकाको संस्थागत संरचना लैससासमय बनाउन जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने कुरामा बढि केन्द्रित रहेको छन् । साथै सामाजिक कुरीति विरुद्धको जनचेतना र व्यवहारमा परिबर्तन र कानुनको प्रभावकारी कार्यान्वयनको विषयलाइ पनि जोड दिईएको छ । महिला, विपन्न, दलित, अपांग, अल्पसंख्यक, दलित, सुकुम्वासी, महिला हिंसामा परेका महिलाहरु, यौनिक अल्पसंख्यकको आर्थिक, सामाजिक, राजनैतिक अधिकारको सुनिश्चि गराउनको लागि रणनीतितय गरिएका हुन् ।

उद्देश्य १ सगँ सम्बन्धित रणनीति

[ग] पालिकाबाट विपन्न भनी तोकिएका घरधुरी, थौरै जग्गा जमिन भएका किसान, माटोको झुपडाको घरमा बस्नेहरु

अशोक कुमार [illegible]वाल
गा.पा. अध्यक्ष

आमोद चौधरी
प्रमुख प्रशासकिय अधिकृत

१.१ लैङ्गिक लेखाजोखा मार्फत पालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रवाहीकरण गर्दै लगिनेछ ।

१.२ पालिकामा संस्थागत तहमा समावेशि बनाउनको लागि कार्यपालीका तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१.३ एकल महिला तथा जेष्ठ नागरिकलाइ सामाजिक सुरक्षा मार्फत उनीहरुको अधिकारलाइ सुनिश्चिता प्रदान गरिनेछ ।

उद्देश्य २ सगँ सम्बन्धित रणनीति

२.१ सहभागितात्मक विधिबाट लक्षितवर्गको पहिचान गर्ने रणनीति अपाइनेछ

२.२ आर्थिक, सामाजिक र राजनैतिक रुपमा शसक्तिकरण रणनीति अपनाइनेछ

उद्देश्य नं ३ को रणीति

३.१ नीति निमार्ण  तथा निर्णायक तहमा पहुच नभएका लक्षितवर्गहरु अर्थपूर्ण सहभागिता बृद्धि गरिने

३.२ टोलस्तरबाट योजना तर्जुमा चरणमा अर्थपूर्ण सहभागितालाइ सुनिश्चि गर्ने संरचनालाइ शशक्त बनाइनेछ ।

उद्देश्य नं ४ सगँ सम्बन्धित रणीति

४.१ परिवारका महिला र पुरुष दुवैलाइ सहभागि गराइ लैगिंक सम्वेदनशिला वारेमा महसुसीकरण गराइनेछ

४.२ सिकाइ अध्ययन र अवोलकनबाट सामाजिक कुसंस्कारलाइ न्यूनिकरण गरिनेछ

४.३ सामाजिक कुसंस्कार विरुद्धमा बनेका कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ

उद्देश्य नं ५ सग सम्बन्धित रणीति

५.१ लक्षित वर्गको लागि पालिकाले जग्गा लिजमा लिइ सामूहिक खेती प्रणालीलाइ प्रोत्साहित गरिनेछ

५.२ लक्षित वर्गको सहकारी स्थापना गरि बजारसम्म उत्पादन पुराउने व्यवस्था गरिनेछ ।

५.३ लक्षित वर्गको सिपमूलक आय आर्जन विकल्पहरुको वारेमा अध्ययन गरि कार्यान्वयन गरिनेछ

अशोक कुमार जयसवाल
गा.पा. अध्यक्ष

आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

उद्देश्य नं ६ को सम्बन्धि रणीतिहरु

६.१ बालबालिकाहरुको अधिकार सुनिश्चित गर्नेको लागि बालक्लब मार्फत सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

६.२ बालक्लब मार्फत बालविवाह र दहेज प्रथा हटाउन सडक नाटक,बाल र्‍याली, अभिभाव शिक्षक अन्तक्रिया जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ८.रणीतिक क्रियाकलापहरु (Strategies activities

| क.स | उद्देश्य | रणीति | रणीति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | १.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत पालिका तहको संस्थागत संरचना र कार्यक्रममा महिला, दलित, लक्षित वर्ग र सिमान्त वर्गलाइ समावेश गर्ने | १.१ पालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ | १.१.१ उपभोक्ता समिति गठन गर्दा कम्तिमा ५० प्रतिशत महिला वा दलित वा विपन्न वर्गलाइ अनिवार्य सहभागि गराउने | उपभोक्ता समिति गठन गर्दा कम्तिमा ५० प्रतिशत महिला वा दलित वा विपन्न वर्गलाइ अनिवार्य सहभागि हुनेछ । |
| | | | १.१.२ कुल पुजीगत खर्चको ३३ प्रतिशत खर्च लैससासमा गर्ने | कुल पुजीगत खर्चको ३३ प्रतिशत खर्च लैससासमा छुट्टाईको हुनेछ |
| | | | १.१.३ लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण गर्ने | लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण भएको हुनेछ |
| | | | १.१.४ लैससास समूहलाई प्रत्यक्ष फाईदा पुग्ने तालिम कार्यक्रमको लागि बजेट विनियोजन गर्ने | तालिम कार्यक्रको लागि बजेट विनियोजन भएको हुनेछ |
| | | १.२ पालिकामा संस्थागत तहमा समावेशि बनाउनको लागि | १.१.५ लैससास अनुसार विपद व्यवस्थापन कोषको स्थापना गर्ने | |



अशोक कुमार जयसवाल
गा.पा. अध्यक्ष

| क.स | उद्देश्य | रणनीति | रणनीति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | कार्यपालीका प्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ | १.२.१ लक्षित समुदाय, पदाधिकारी र कर्मचारीलाइ लैंगिकलैंगिकहिंसा निर्वारण सम्बन्धि तालिम सञ्चालन गर्ने<br>१.२.२ वेइजिङ्ग घोषणपत्रको प्रावधान र कार्यक्रमलाइ समेटेर समेटेर अभिमुखिकरण पदाधिकारी र कर्मचारी गर्ने<br><br>१.२.३ महिला तथा समावेशि समुहबाट निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरुलाइ स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन, कर्मचारी समायोजन ऐन मूलुकी सहिताहरु, विषयगत कानुनहरुको अभिमुखीकरण गर्ने<br><br>१.२.४ कानुनको मस्यौदा तयार सम्बन्धि तालिम कार्यपालीका सदस्य, प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखलाइ प्रदान गर्ने<br>१.३.१ लक्षित वर्गको खण्डिकृत सूचना सकलन गर्ने | पालिका स्तरमा लैससास अनुसार विपद व्यवस्थापन कोषको स्थापना हुनेछ<br>लक्षित समुदाय, पदाधिकारी र कर्मचारीलाइ लैंगिकलैंगिकहिंसा निर्वारण सम्बन्धि तालिम सञ्चालन भएको हुनेछ<br><br>वेइजिङ्ग घोषणपत्र समेटेर अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको हुनेछ<br><br>स्थानीय सरकार सञ्चालन सम्बन्धि ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन, कर्मचारी समायोजन ऐन मूलुकी सहिताहरु, विषयगत कानुनहरुको अभिमुखीकरण गरिएको हुनेछ<br><br>कानुनको मस्यौदा तयार सम्बन्धि तालिम प्रदान गरिएको हुनेछ |



बरागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छोटपा, बारा मधेश प्रदेश, नेपाल २०७३

अशोक कुमार जयसवाल गा.पा. अध्यक्ष

आनोद चौधरी प्रमुख प्रशासकिय अधिकृत

| क.स | उद्देश्य | रणीति | रणीति क्रियाकिलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | १.३ एकल महिला तथा जेष्ठ नागरिकलाइ सामाजिक सुरक्षा मार्फत उनीहरुको अधिकारलाइ सुनिश्चिता प्रदान गरिनेछ । | १.३.२ एकल महिलालाइ आयआर्जन कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउने<br><br>१.३.३ जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्ने<br>१.३.४ अन्तर पूस्ता संवाद कार्यक्रम बाजे र नाति सञ्चालन गर्ने | लक्षित वर्गको खण्डिकृत सूचना सकलन भएको हुनेछ<br>एकल महिलालाइ आयआर्जन कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध भएको हुनेछ<br><br>वार्षिक रुपमा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन भएको हुनेछ<br>बाजे र नाति संवाद कार्यक्रम सञ्चालन भएको हुनेछ |
| | २ महिला, लक्षित वर्ग र सिमानकृत समुहलाइ शशक्तिकरण गरि पालिका तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने | २.१ सहभागितात्मक विधिबाट लक्षितवर्गको पहिचान गर्ने रणीति अपाइनेछ<br><br>२.२ आर्थिक, सामाजिक र राजनैतिक रुपमा शसक्तिकरण रणीति अपनाइनेछ | २.१.१ प्राथमिकता निर्धारण गरि सेवा उपलब्ध गराउने<br><br>२.२.१ लैससास अनुसार आवश्यकता अनुसार स्थानीय तहको नीति तथा कानुनहरु परिमार्जन तथा तयार गर्ने<br><br>२.२.२ महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिसा र विभेद उपर सुनाई गर्ने सयन्त्रको स्थापना | प्राथामिकता निर्धारण गरि सेवा उपलब्ध भएको हुनेछ ।<br><br>लैससास अनुसार स्थानीय तहको निति तथा कानुनहरु तयार भएको हुनेछ ।<br><br>महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिसा र विभेद उपर सुनाई गर्ने सयन्त्रको स्थापना भएको हुनेछ |

| क.स | उद्देश्य | रणनीति | रणनीति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | २.२.३ आवधिक योजान तथा वार्षिक विकास कार्यक्रमा लैंगिकलैंगिकतथा सामाजिक विकासको लागि निति रणीति, कार्यक्रम र सोको मापनयुक्त लक्ष्य राखिने<br><br>२.२.४ स्थानीय स्तरमा लैंगिकलैंगिकविकास हेर्न इकाइको स्थापना गर्ने<br><br>२.२.५ लैससास अनुसार अचारसहिंता बनाइ लागु गर्ने.<br><br>२.२.६ लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण गर्ने | आवधिक योजान तथा वार्षिक विकास कार्यक्रमा लैंगिकलैंगिकतथा सामाजिक विकासको लागि निति रणीति, कार्यक्रम र सोको मापनयुक्त लक्ष्य राखिएको हुनेछ<br><br>स्थानीय स्तरमा लैंगिकलैंगिकविकास हेर्न इकाइको स्थापना भएको हुनेछ<br><br>लैससास अनुसार अचारसहिंता बनाइ लागु भएको हुनेछ<br><br>लैगिंक क्षमता विकासको लागि अलग्गै कोषको निर्माण भएको हुनेछ |
| | ३ योजना तर्जुमका सबै चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्यांकन गर्ने र यसलाइ सस्थागत गर्दै लैजाने | ३.१ निति निमार्ण तथा निर्णायक तहमा पहुच नभएका लक्षितवर्गहरु अर्थपूर्ण सहभागिता वृद्धि गरिने | ३.१.१ लक्षित वर्गलाइ नेतृत्व विकास सम्बन्धि तालिम दिने<br><br>३.१.२ उपभोक्ता समिति गठन गर्दा कम्तीमा एउटा मुख्य पदमा महिला तथा सिमान्तकृत वर्गको राख्ने प्रवधानको व्यवस्था गर्ने | लक्षित वर्गलाइ नेतृत्व विकास सम्बन्धि तालिम सञ्चालन भएको हुनेछ<br>उपभोक्ता समितिमा कम्तीमा एउटा मुख्य पदमा महिला राखिएको हुनेछ |

| क.स | उद्देश्य | रणनीति | रणनीतिक क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | ३.१.३ पालिकाको निति मसौदा बनाउने समितिमा समानुपातिक प्रतिनिधित्व सुनिस्चितका लागी कम्तिमा एक जना महिला र एक जना लक्षित वर्गको सहभागि अनिवार्य गराउने | पालिकाको निति मसौदा बनाउने समितिमा कम्तिमा एक जना महिला र एक जना लक्षित वर्गको सहभागि भएको हुनेछ । |
| | | ३.२ टोलस्तरबाट योजना तर्जुमा चरणमा अर्थपूर्ण सहभागितालाइ सुनिश्चिच गर्ने भएको संरचनालाइ शशक्त बनाइनेछ । | ३.१.४ लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन गर्ने | लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन भएको हुनेछ |
| | | | ३.२.१ टोल स्तरमा योजना छनौट गर्दा लक्षित वर्गको सहभागि गराउने | टोल स्तरमा योजना छनौट गर्दा लक्षित वर्गको सहभागि भएका हुनेछन् |
| | | | ३.२.२ स्थानीय तहका प्रत्येक वडामा महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गन | स्थानीय तहका प्रत्येक वडामा महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन भएको हुनेछ |
| | | | ३.२.३ निरक्षर महिलाको लागि प्रौढ शिक्षा कक्षा reflective model विधिबाट सञ्चालन गर्ने | निरक्षर महिलाको लागि प्रौढ शिक्षा कक्षा reflective model विधिबाट सञ्चालन भएको हुनेछ , |
| | ४.अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गर्ने | ४.१ परिवारका महिला र पुरुष दुवैलाइ सहभागि गराइ लैगिंक सम्वेदनशिला वारेमा महसुसीकरण गराइनेछ | ४.१.१ लैगिंक सम्वेदनशिला विषय समेटर परिवारका महिला र पुरुषलाइ अभिमुखिकरण गराइनेछ | लैगिंक सम्वेदनशिला विषय समेट परिवारका महिला र पुरुषलाइ अभिमुखिकरण भएको हुनेछ । |



अशोक कुमार जयसवाल
गा.पा. अध्यक्ष

आमोद चौधरी
प्रमुख प्रशासकिय अधिकृत

| क.स | उद्देश्य | रणीति | रणीति क्रियाकलाप | मापनका सुचक |
|---|---|---|---|---|
| | | | जस्मा कार्यबोझ विश्लेषण समेत गर्ने | |
| | | | ४.१.२ कानुनी साक्षरता कार्यक्रम टोल स्तरमा सञ्चालन गर्ने | कानुनी साक्षरता कार्यक्रम टोल स्तरमा सञ्चालन भएको हुनेछ |
| | | ४.२ सिकाइ अध्ययन र अवोलकनबाट सामाजिक कुसंस्कारलाइ न्यूनिकरण गरिनेछ | ४.२.१ महिलाद्धारा सञ्चालित कार्यक्रम वारेमा जानकारी दिन महिला र पुरुष दुवैलाइ सिकाइ भ्रमण गराउने | जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि टोल टोलमा सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| | | ४.३ सामाजिक कुसंस्कार विरुद्धमा बनेका कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ | ४.२.२ महिला पुरुष सम विकास भएका परिवार महिला र पुरुष सार्वजनिक सम्मानको कार्यक्रम सञ्चालन गर्ने | महिला पुरुष सम विकास भएका परिवार महिला र पुरुष सार्वजनिक सम्मानको कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| | | | ४.३.१ जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि टोल टोलमा सचेतना कार्यक्रम सञ्चालन गर्ने<br><br>४.३.२ जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि कानुनी व्यवस्था सम्बन्धि जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण गर्ने | जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि कानुनी व्यवस्था सम्बन्धि जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण भएको हुनेछ । |
| | ५. महिल एवं लक्षित वर्गको सहभागितालाइ | ५.१ लक्षित वर्गको लागि पालिकाले जग्गा भाडा लिइ | ५.१.१ पालिकाबाट जग्गा नभएका लक्षित वर्गको लागि | पालिकाबाट जग्गा नभएका लक्षित वर्गको लागि जग्गा |